प्रदेश सरकार
प्रदेश नं. ५
# सामाजिक विकास मन्त्रालय
(युवा तथा खेलकुद महाशाखा)
बुटवल, नेपाल

पत्र संख्याः ०७७/०७८

चलानी नं.:

## खेलकुद संरचनाको पुर्वाधार निर्माण साझेदारी कार्यक्रमका लागि प्रस्तावना पेश गर्नेसम्बन्धी सूचना
## सूचना प्रकाशित मिति २०७७।०५।०३

प्रस्तुत विषयमा यस मन्त्रालयको आ.ब. ०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रममा खेलकुद संरचनाको पुर्वाधार निर्माण साझेदारी कार्यक्रम रहेकोले यस मन्त्रालयसँगको साझेदारीमा खेलकुद संरचनाको पुर्वाधार निर्माण गर्न यस प्रदेश भित्रका इच्छुक पालिकालाई तपसिल बमोजिमका विवरण तथा कागजातसहितको प्रस्ताव सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ ।तोकिएको म्याद पछि प्राप्त हुने प्रस्ताव उपर कुनै कारबाही हुने छैन।

तपसिल

१. खेल संरचना निर्माण स्थलको जग्गाधनी प्रमाण पत्र वा भोगाधिकार रहेको कागजात ।
२. गत विगत वर्षमा सरकारी रकम वा अन्य स्रोतको रकम प्रयोग गरी निर्माण कार्य प्रारम्भ भएको भए हालसम्म भएको बजेट खर्च र सम्पन्न कामको विस्तृत विवरण ।
३. चालु आब ०७७।०७८ मा गरिने निर्माण कार्यको विस्तृत विवरण र सोको प्रमाणित लागत अनुमान ।
४. खेल संरचना निर्माणका लागि यस मन्त्रालयबाट उपलब्ध गराइने बढीमा दश लाख रकमको कम्तीमा २० प्रतिशत साझेदारी गर्ने पालिकाको सुनिश्चिततासहितको पत्र ।
५. खेलमैदान निर्माण प्रारम्भ पूर्वको प्रारम्भिक प्रमाणित लागत अनुमान ।
६. कार्य प्रारम्भ गर्ने र सम्पन्न गर्ने समयसीमा सहितको स्पष्ट कार्ययोजना ।
७. स्थानीय तहले चालु आ.ब. ०७७।०७८ मा उक्त खेल संरचनाका लागि बजेट विनियोजन गरेको भए विनियोजन भएको बजेटको विवरण ।
८. निर्माण गरिने खेल संरचनाको प्रमाणित लागत अनुमान, नक्शा, ड्रइङ डिजाइन र DPR निर्माण भएको भए सोको प्रतिलिपी ।

पुनश्चः यस कार्यक्रमका लागि प्रति जिल्ला कम्तीमा २ वटा खेलकुद संरचना निर्माणका लागि प्रस्ताव छनौट गरिनेछ।

2066104102

(विष्णु प्रसाद पन्थी)
शाखा अधिकृत

बोधार्थः

श्री सामाजिक विकास डिभिजन कार्यालय,
रुपन्देही, कपिलवस्तु, पाल्पा, दाङ, प्युठान र बाँकेः यसै सूचना बमोजिम प्रस्तावहरु संकलन गरी तोकिएको म्याद समाप्त भएको ७ दिन भित्र यस मन्त्रालयमा पठाउनुहुन।